सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल
माननीय न्यायाधीश श्री नृपध्वज निरौला

आदेश

विषयः पुनरावलोकनको अनुमति पाउँ।

०८०-RV-०३९२

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौं------------------------------------ निवेदक

*विरुद्ध*

टेकबहादुर गुरुङ्ग------------------------------------------------------------------ विपक्षी

विषयः- उत्प्रेषण समेत।

यसमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम यिनै विपक्षी टेकबहादुर गुरुङ्ग उपर विशेष अदालत, काठमाडौंमा मिति २०७५।१०।२१ मा भ्रष्टाचार मुद्दा दर्ता भई मिति २०७९।११।२५ मा निंजलाई कसूरदार ठहर गरेको विशेष अदालत, काठमाडौंको फैसला उपर यस अदालतमा पुनरावेदन परी ०७९-CR-१९९४ समेतको उक्त भ्रष्टाचार मुद्दा यस अदालतमा विचाराधीन अवस्थामा रहेको देखिन्छ। सोही ऐनको २(घ) ले सार्वजनिक पद धारण गरेको व्यक्ति राष्ट्रसेवक जनिने भन्ने उल्लेख भई दफा ३३ मा, ***"...दफा ३६ बमोजिम मुद्दा दायर भएकोमा त्यस्तो राष्ट्रसेवक सो मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बनमा रहनेछ।"*** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

यस अदालतको संयुक्त इजलासबाट मिति २०८०।१२।१६ मा भएको फैसलामा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(घ), ३३, ३६ समेतका कानूनी प्रावधानको व्याख्याको सन्दर्भमा *इन्द्र बहादुर गुरुङ विरुद्ध राजश्व न्यायाधीकरण, काठमाडौं समेत* भएको रिट निवेदन



CamScanner

(नेकाप २०५०, अङ्क २, नि.नं. ४६९७); *लाक्पा तामाङ विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौं समेत* भएको रिट निवेदन (नेकाप २०७३, अङ्क १०, नि.नं. ९७०६); *हरिनारायण प्रसाद सा रौनियार विरुद्ध संघीय संसद सचिवालय, काठमाडौं समेत* भएको ०७७-WO-०२३१ को रिट निवेदनमा मिति २०७८।१२।२१ मा तथा *देवीदत्त उपाध्याय विरुद्ध निर्वाचन आयोग, काठमाडौं समेत* भएको ०७८-WO-१४१६ को रिट निवेदनमा मिति २०७९।०५।२२ मा यस अदालतबाट प्रतिपादन भएका कानूनी सिद्धान्त समेतको प्रतिकूलताको प्रश्न सन्निहीत रहेको देखिँदा प्रस्तुत निवेदनमा न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) को खण्ड (ख) बमोजिम पुनरावलोकनको अनुमति प्रदान गरिदिएको छ। नियमानुसार पेश गर्नू।

न्यायाधीश न्यायाधीश न्यायाधीश

ईति संवत् २०८१ साल माघ महिना १० गते रोज ५ शुभम्.........................................।